# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

**पत्र संख्या :** २०७६/०७७ **मिति :** २०७६/१२/२८
**चलानी नम्बर :**..........

### दररेट पेश गर्ने सम्बन्धी सूचना

(प्रकाशित मिति :२०७६/१२/२८)

चालू आ.व. २०७६/०७७ मा यस कार्यालयको लागि आवश्यक तपसिल बमोजिमका सामग्रीहरु खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजतप्राप्त इच्छुक अधिकृत विक्रेता तथा फर्महरुबाट देहायका शर्तहरुको अधीनमा रही रितपूर्वकको दररेट पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स. | बोलपत्रको विवरण | मौजुदा सूचीमा दर्ता हुन लाग्ने दस्तुर रु |
|---|---|---|
| १. | कक्षा (१-५) का बालबालिकाहरुको लागि पोशाक खरिद (पाइन्ट निलो रङ्को, भुँवा नउड्ने, Discolour नहुने र सर्ट सेतो रङ्को, भुँवा नउड्ने, Discolour नहुने हुनुपर्नेछ । साथमा एक वटा निलो रङ्को टाई समेत उपलब्ध गराउनु पर्नेछ । दररेट पेश गर्नुपूर्व नगरपालिकाबाट निर्धारण गरिएको नमूना अध्ययन गरेको हुनुपर्नेछ । कपडा तथा सोको सिलाई खर्च एवम् सिलाई गर्नुपूर्व सम्बन्धित विद्यालयहरुमा गई बालबालिकाहरुको नाप लिनु पर्नेछ । पोशाक बालबालिका अनुसार फिट नभएमा एवम् नगरपालिकाले उपलब्ध गराएको नमूना अनुसारको गुणस्तर नभएमा नगरपालिकाबाट भुक्तानी हुने छैन् ।सम्झौता भएको मितिले ३० दिनभित्र कम्तिमा ४५००जना बालबालिकाको नाप अनुसारको पोशाक निर्माण गरी नगरपालिकामा बुझाई सक्नुपर्नेछ ।) | १०००।०० |
| २. | कापी खरिद (Size=$A_4$, कक्षा (१-३) को लागि English copy, Math copy & Nepali copy गरी तीन प्रकारको र कक्षा (४-५) को लागि Science copy & Nepali Copy गरी दुई प्रकारको कापीहरु उपलब्ध गराउनु पर्नेछ । कापीको Coverpage, design, Colour र नमूना ढाँचा नगरपालिकाबाट उपलब्ध हुनेछ । कक्षा (१-३) को लागि १०० पाने र कक्षा (४-५) को लागि १५० पाने हुनुपर्नेछ । पाना गुणस्तरिय, लेख्दा सजिलो हुने र नफुल्ने हुनुपर्नेछ । कम्तिमा ५४००० गोटा कापी उपलब्ध गराउनु पर्नेछ । सम्झौता भएको मितिले ३० दिनभित्र कापी नगरपालिकामा उपलब्ध गराई सक्नुपर्नेछ ।) | १०००।०० |

१. लकडाउन खुलेको मितिले १५ दिनभित्र इच्छुक फर्म/कम्पनीले नेपाल सरकारबाट इजाजत प्राप्त प्रमाणपत्र, PAN तथा VAT दर्ता प्रमाणपत्र र आ.व. २०७५/०७६ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपी, कालो सुचीमा नपरेको स्वयं घोषणापत्र, मौजुदा सूचीमा दर्ता भएको प्रमाणपत्र, नगरपालिकाभित्रको भए नगरपालिकामा व्यवसाय दर्ता गरेको प्रमाणपत्र संलग्न गरी रू. १०।०० को टिकट टांसी कार्यालय

# चौरजहारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## चौरजहारी, रुकुम (पश्चिम)
## कर्णाली प्रदेश, नेपाल

मिति : २०७६/१२/२८

**पत्र संख्या :** २०७६/०७७
**चलानी नम्बर :**..........

समयमा यस नगरपालिकाको कार्यालय, चौरजहारी रुकुम (पश्चिम) मा दररेट सहित आवेदन पेश गर्न सकिनेछ ।

२. प्राप्त दररेटमाथि आवश्यक छानविन गरी उल्लेखित कार्य गर्न योग्य फर्म वा कम्पनी छनौट गरिनेछ ।

३. दररेट स्विकृत भएमा कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम बराबर यस कार्यालयको नाममा रहेको धरौटी खातामा कार्य सम्पादन जमानत (परफरमेन्स वण्ड) वापतको रकम जम्मा गर्नुपर्नेछ ।

४. दररेट अङ्क र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अङ्क र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५. रित नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको दररेट उपर कुनै कारवाही हुने छैन् ।

६. प्रचलित ऐन, नियमानुसार लाग्ने सम्पूर्ण कर सम्बन्धित दररेट पेश गर्नेले नै व्यहोर्नु पर्नेछ ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दररेट स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकाको कार्यालयमा निहीत हुनेछ ।

८. उपलब्ध गराउनु पर्ने पोशाक तथा कापी यस कार्यालयले निर्धारण गरेको स्पेशिफिकेशन बमोजिम हुनुपर्नेछ ।

९. यस सूचनामा उल्लेख भएका कुराहरु यसै सूचना बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित ऐन नियमानुसार हुनेछ ।

१०. विस्तृत जानकारीको लागि सम्पर्क नं. ९८५७८२६१११ मा सम्पर्क राख्न सकिनेछ ।

रामबहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत